# मिक्वाखोला गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## थलङ, ताप्लेजुङ
## (भौतिक पूर्वाधार तथा योजना शाखा)

# मोटरबाटो निर्माण सम्बन्धी शिलबन्दी दरभाउपत्र आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मिति २०७९/०८/०९**

यस मिक्वाखोला गाउँपालिकाद्वारा चालु आ.ब.०७९/०८० को स्वीकृत बजेट बमोजिम निम्न मोटरबाटो हरुको शिलबन्दी दरभाउपत्रद्वारा निर्माण कार्य गर्नुपर्ने भएकोले इच्छुक आधिकारिक फर्म/निर्माण व्यावसायीहरुबाट निम्न शर्तहरुको अधिनमा रही १५ दिने शिलबन्दी दरभाउपत्र आव्हानको सूचना जारी गरिएको छ ।

**शर्तहरु**

१. शिलबन्दी दरभाउपत्र फाराम तल उल्लेखित दस्तुर (फिर्ता नहुने गरी) नगदै बुझाई नगदी रसिदका साथ नविकरण भएको फर्म/सप्लायर्स, निर्माण व्यावसायको इजाजतपत्र, आ.व. ०७७/०७८ सम्मको कर चुक्ता प्रमाणपत्र तथा मु.अ.क. दर्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न राखी निवेदन दिई यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५औं दिनसम्म वा मिति २०७९।०८।२३ गते कार्यालय समय भित्र फर्म खरिद गर्न सकिनेछ ।

२. शिलबन्दी दरभाउपत्र दाखिला गर्ने अन्तिम : मिति २०७९।०८।२४ गते दिनको १२:०० बजे सम्म कार्यालयमा दर्ता गराउनु पर्नेछ । उल्लेखित समय भित्र प्राप्त शिलबन्दी दरभाउपत्र सोहि दिनको २:०० बजे पश्चात दरभाउपत्रदाता स्वयं वा निजको प्रतिनिधि र कार्यालय प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ । दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थिति नभए पनि शिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

३. बोलपत्र साथ तपसिलमा उल्लेखित रकम यस मिक्वाखोला गाउँपालिका कार्यालयको नाममा सेन्चुरी कमर्सियल बैंक लि.मिक्वाखोला शाखा ताप्लेजुङमा रहेको राजश्व खाता नं.**GA -१-११३६०००००२ GE** मा फाराम खरिद दस्तुर (For Bid Document Price) र धरौटी खाता नं. **GA -३-११३६०००००१४-GE** मा धरौटी रकम **(For Bid Bond)** मा जम्मा गरेको बैंक भौचर (ठेक्का नं.उल्लेख गर्ने) वा यस कार्यालयको नाममा जारी भएको जमानत बापत बैंक ग्यारेन्टि (विड बण्ड) ९० दिने म्याद भएको पेश गर्नुपर्नेछ ।

४. दररेट भर्दा मुल्य अभिवृद्धि कर बाहेकको दररेट भर्नुपर्नेछ ।

५. शिलबन्दी दरभाउपत्र पेश गर्दा अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा क्रमशः कार्यालय खुलेको पहिलो दिनको सोहि समय कायम हुनेछ ।

६. यस सूचनामा उल्लेख नभएको बुँदाहरुको हकमा प्रचलित आ. प्र. नियमावली, सार्बजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ अनुसार हुनेछ ।

७. शिलबन्दी दरभाउपत्र स्वीकृत वा अस्वीकृत गर्ने तथा आंशिक रुपले स्वीकृत गर्ने वा संशोधन गर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

८. यस सम्बन्धमा अन्य थप कुराहरु बुझ्नु परेमा कार्यालय समय भित्र यस कार्यालयबाट वुझ्न सकिनेछ । साथै मोबाइल नं.९८४२६४२५३९ मा सम्पर्क गर्न सकिनेछ ।

**ठेक्का विवरण**

| क्र.सं. | ठेक्का नं. | कामको विवरण | लागत अनुमान कन्टिन्जेन्सी र भ्याट बाहेकको रु. | धरौटी रकम | बोलपत्र फाराम दस्तुर रु | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | MRMTT/SQ /Works/Road/ 079/80-02 | ताङखु गैरीगाउँमोटर बाटो निर्माण योजना<br>मिक्वाखोला गाउँपालिका वडा नं. ०५, पापुङ, ताप्लेजुङ | १७,७०,०१३।२३ | ५०,०००।० | १०००।० | संलग्न लागत अनुमान रकम भ्याट बाहेकको रकम भएको हुनाले **BOQ** मा भ्याट जोड्नु पर्ने । |
| २ | MRMTT/SQ /Works/Road/ 079/80-03 | मिक्लादेन देउरालीमोटर बाटो निर्माण योजना<br>मिक्वाखोला गाउँपालिका वडा नं. ०५, पापुङ, ताप्लेजुङ | १७,७०,०३४।५२ | ५०,०००।० | १०००।० | संलग्न लागत अनुमान रकम भ्याट बाहेकको रकम भएको हुनाले **BOQ** मा भ्याट जोड्नु पर्ने । |

कार्यालय प्रमुख
मिक्वाखोला गाउँकार्यपालिकाको कार्यालय
थलङ, ताप्लेजुङ